## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०१/११ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

<table>
<tr><th>सि.नं.</th><th>प्रतिवादीहरु</th><th>मुद्दा</th><th>आयोगको माग दावी तथा विशेष अदालतको फैसला</th><th>विशेष अदालतको फैसला र आधार</th><th>आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु</th></tr>
<tr>
<td>१</td>
<td>प्रतिवादीहरु गुराँस गाउँपालिका का तत्कालीन प्रमुख प्रशासकीय अधिकृत राम बहादुर बुढा समेत १४ मु.नं. (०८१-CR-००५९) फैसला मिति २०८२/०३/०८</td>
<td>सडक निर्माणको काममा सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको।</td>
<td>आयोगको माग दावी<br>• गुराँस गाउँपालिकाका तत्कालिन प्रमुख प्रशासकीय अधिकृत राम बहादुर बुढा, इन्जिनियर सरोज दाहाल, सव-इन्जिनियर नविन कुमार वि.सी., लेखा अधिकृत दिनेश दाहाल, लेखापाल राज कसेरा र योजना शाखा प्रमुख अधिकृत छैटौं मदन प्रकाश मल्लको हकमाः- निज प्रतिवादीहरुलाई गैर कानूनी लाभ वा हानी पुर्याउने बदनियतले काम गरेको भ्रष्टाचारजन्य कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ उपदफा (१) को देहाय (ग), (घ) र (ङ) बमोजिमको कसुरमा बिगो रु.१०,२२,४१३।८९ (अक्षरेपी दश लाख बाइस हजार चार सय तेह रुपैयाँ र उनान्नब्बे पैसा मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन र उक्त विगो मध्ये बरामद भएको रु.२,०३,५००।- (अक्षरेपी दुई लाख तीन हजार पाँच सय रुपैयाँ मात्र) कट्टा गरी बाँकी रु.८,१८,९१३।८९ (अक्षरेपी आठ लाख अठार हजार नौ सय तेह रुपैयाँ र उनान्नब्बे पैसा मात्र) निज प्रतिवादीहरूबाट असुलउपर हुन र गलत प्रतिवेदन पेश गरेको भ्रष्टाचारजन्य कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम बमोजिम सजायसमेत हुन समेतको मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>• गुराँस गाउँपालिका-०६ का वडा अध्यक्ष हिम बहादुर वलीको हकमाः- निज प्रतिवादीहरुलाई गैर कानूनी लाभ वा हानी पुर्याउने बदनियतले काम गरेको भ्रष्टाचारजन्य कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ उपदफा (१) को देहाय (ग), (घ) र (ङ) बमोजिमको कसुरमा बिगो रु.१०,२२,४१३।८९ (अक्षरेपी दश लाख बाइस हजार चार सय तेह रुपैयाँ र उनान्नब्बे पैसा मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन र उक्त विगो मध्ये बरामद भएको रु.२,०३,५००।- (अक्षरेपी दुई लाख तीन हजार पाँच सय रुपैयाँ मात्र) कट्टा गरी बाँकी रु.८,१८,९१३।८९ (अक्षरेपी आठ लाख अठार हजार नौ सय तेह्र रुपैयाँ र उनान्नब्बे पैसा मात्र) निज प्रतिवादीहरूबाट असुलउपर हुन र गलत प्रतिवेदन पेश गरेको भ्रष्टाचारजन्य कसूरमा</td>
<td>फैसलाः<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः<br>• उक्त सडक निर्माण आयोजनामा निर्धारित परिमाण भन्दा बढी काम भएको देखिएको<br>• स्वीकृत लागत अनुमान भन्दा बढी परिमाणमा सडक विस्तार भएको देखिएको।<br>• लागत अनुमान तथा सम्झौतामा उल्लिखित दररेटभन्दा कम दररेटमा तथा स्वीकृत बजेटको सीमाभित्र रही काम भएको देखिएको।<br>• यि प्रतिवादीहरूले गाउँपालिकालाई हानी नोक्सानी पुऱ्याउने नियतले नभएको कार्यको भुक्तानी दिई भ्रष्टाचारजन्य कार्य गरेको तथ्य बस्तुनिष्ठ तवरले प्रमाणित भएको नदेखिएको।</td>
<td>• कर्णाली प्रदेश सांसद विकास कोषबाट आ.व. २०७६/०७७ मा गुराँस गाउँपालिका-०६ स्थित भिउचुला बगौरा पुलिया सडकको स्तरोन्नति कार्यमा ५३७० मि. लम्बाइमा जम्मा ३७५९० घ.मि.को माटो कटान गरेबापत रु.१४७.४२ को दरले रु.४७,५०,०००।- (८५.७२%) भुक्तानी हुने गरी कुल रु.५५,४१,३३५।४९ को लागत अनुमान बमोजिमको कार्य मिति २०७७।०२।३० मा सम्पन्न गर्ने गरी मिति २०७६।१२।०५ मा उपभोक्ता समितिका अध्यक्ष गगन सिंह खत्री र गुराँस गाउँपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत राम बहादुर बुढाले हस्ताक्षर गरी सम्झौता भएको देखिन्छ।उक्त योजनाको संक्षिप्त विवरणलाई निम्न तालिकामा उल्लेख गरिएको छ।
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>तथ्य</th></tr>
<tr><td></td><td>योजनाको नाम</td><td>जिल्ला दैलेख, गुराँस गाउँपालिका-०६मा भिउचुला बगौरा पुलिया सडक स्तरोन्नति कार्य।</td></tr>
<tr><td></td><td>योजना स्थल</td><td>गुराँस गाउँपालिका-०६।</td></tr>
<tr><td></td><td>योजना कार्यान्वयनकर्ता</td><td>गुराँस गाउँपालिका।</td></tr>
<tr><td></td><td>योजना सञ्चालन</td><td>२०७६/०७७</td></tr>
<tr><td></td><td>लागत अनुमान</td><td>कार्यालयबाट रु.४७,५०,०००।— भुक्तानी हुने गरी रु.५५,४१,३३५।४९ बराबरको लागत अनुमान।</td></tr>
<tr><td></td><td>सम्झौता मिति</td><td>मिति २०७७/०२/३०मा सम्पन्न गर्ने गरी मिति २०७६/१२/०४मा सम्झौता भएको।</td></tr>
<tr><td></td><td>भुक्तानी (रु.)</td><td>रु.५७,०२,०३६।७९ मूल्याङ्कन गरी जम्मा रु.४७,५०,०००।- भुक्तानी भएको।</td></tr>
<tr><td></td><td>स्थलगत निरीक्षण</td><td>योजनास्थलमा भए गरेको कटान कार्य भन्दा १४२४५।७० घ.मि. बराबरको बढी मूल्याङ्कन गरी रु.१०,२२,४१३।८९ बढी भुक्तानी गरेको।</td></tr>
<tr><td></td><td>दुरुपयोग रु.</td><td>रु.१०,२२,४१३।८९</td></tr>
</table>
• उक्त भिउचुला बगौरा पुलिया सडक स्तरोन्नति योजना ठेकेदार/निर्माण व्यवसायीलाई दिने योजना बनाई उपभोक्ता समिति खडा गरी रु.५५,४१,३३५।४९ को लागत अनुमान बमोजिमको कार्य गर्ने गरी मिति २०७६।१२।०५ गते उपभोक्ता समितिको अध्यक्ष गगन सिंह खत्री (प्रथम पक्ष) र ठेकेदार हिक्मत वली (दोस्रो पक्ष)ले भिउचुला बगौरा पुलिया सडक स्तरोन्नति उपभोक्ता समितिका सचिव गोविन्द बहादुर वलीको रोहबरमा सो योजनाको स्टिमेट अनुसार ३६,६४५ घ.मि. कटान कार्य सम्पन्न भएपछि दोस्रो पक्षलाई रु.४६,००,०००।- दिने गरी सम्झौता गरेको देखिन्छ। सो योजनाको सम्झौता कागजातमा श्रमदान गर्ने भनी उल्लेख गरिएतापनि उक्त योजनाको उपभोक्ता समितिले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (१०) मा रहेको “उपभोक्ता समितिले पाएको काम आफैंले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सव कन्ट्र्याक्टरबाट गराउन सकिने छैन” भन्ने व्यवस्था विपरीत ठेकेदारसँग</td>
</tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम बमोजिम सजायसमेत हुन समेतको मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>• **उपभोक्ता समितिका अध्यक्ष गगन सिंह खत्री, सचिव गोविन्द बहादुर वली, कोषाध्यक्ष नन्दा राना र ठेकेदार हिक्मत वलीको हकमाः- निज** प्रतिवादीहरू मध्ये  गगन सिंह खत्री, गोविन्द बहादुर वली, नन्दा रानालाई गैर कानूनी लाभ वा हानी पुर्याउने बदनियतले काम गरेको भ्रष्टाचारजन्य कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) वमोजिमको कसूरमा बिगो रु.१०,२२,४१३।८९ (अक्षरेपी दश लाख बाइस हजार चार सय तेह्र रुपैयाँ र उनान्नब्बे पैसा मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन, साथै बिगो रु. १०,२२,४१३।८९ (अक्षरेपी दश लाख बाइस हजार चार सय तेह्र रुपैयाँ र उनान्नब्बे पैसा मात्र) मध्ये बरामद भएको रु.२,०३,५००।— (अक्षरेपी दुई लाख तीन हजार पाँच सय रुपैयाँ मात्र) कट्टा गरी बाँकी रु.८,१८,९१३।८९ (अक्षरेपी आठ लाख अठार हजार नौ सय तेह्र रुपैयाँ र उनान्नब्बे पैसा मात्र) समेत निज प्रतिवादीहरुबाट जफत हुन समेत मागदावी लिएको देखिन्छ। अर्का प्रतिवादी हिक्मत वलीलाई मुख्य कसूरदार **गुराँस गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत राम बहादुर बुढा** समेतहरुले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग), (घ), (ङ) बमोजिमको कसूरजन्य कार्यको नगद, लाभ प्राप्त गर्ने प्रकृतिको मतियार तर्फ सोही ऐनको दफा २२ बमोजिमको कसूरमा मुख्य कसूरदारहरुलाई बिगो रु.१०,२२,४१३।८९ (अक्षरेपी दश लाख बाइस हजार चार सय तेह्र रुपैयाँ र उनान्नब्बे पैसा मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यााँस वमोजिम मुख्य कसूरदारहरुलाई हुने सजाय सरह सजाय गरी बिगो रु. १०,२२,४१३।८९ (अक्षरेपी दश लाख बाइस हजार चार सय तेह्र रुपैयाँ उनान्नब्बे पैसा मात्र) मध्ये बरामद भएको रु.२,०३,५००।— (अक्षरेपी दुई लाख तीन हजार पाँच सय रुपैयाँ) कट्टा गरी बाँकी रु.८,१८,९१३।८९ (अक्षरेपी आठ लाख अठार हजार नौ सय तेह्र रुपैयाँ र उनान्नब्बे पैसा मात्र) निज | | रु.४६,००,०००।– बराबरको सम्झौता गरे गराएको देखिएबाट रु.७,९१,३३५।४९ बराबरको श्रमदान नगर्ने र रु.१,५०,०००।- रकम समेत बचाउने बदनियत राखी सम्झौता गरे गराएको देखिन्छ। एल.एस.ए.ए. मल्टिपर्पोज कम्पनी प्रा. लि. (L.S.A.A. Multipurpose Company Pvt. Ltd.), मध्यपुर ठिमी-०२, भक्तपुरको च.नं.१०५, मिति २०७६।०४।०२ मा गुराँस गाउँपालिका-०६ डम्मर बहादुर वलीका नाति, रतिमान वलीका छोरा हिक्मत वली (ना.प्र.नं. ६३१०१९/१५४) लाई सो कम्पनीको सम्पूर्ण कार्य गर्न सो कम्पनीको अध्यक्ष लक्ष्मी श्रेष्ठले दिएको अख्तियारीनामाबाट निज हिक्मत वली सो कम्पनीको आधिकारिक प्रतिनिधि भएको देखिएवाट यि प्रतिवादीहरु उपभोक्ता समिति गर्नु पर्ने कार्य L.S.A.A. Multipurpose Company Pvt. Ltd.), मध्यपुर ठिमी-०२ अख्तियारप्राप्त ब्यक्ति हिक्मत वलीबाट गराई गैर कानूनी तवरवाट कार्य गरेको तथ्य पुष्टि भएको देखिन्छ।<br>• उक्त योजनाको कार्यान्वयन पश्चात् प्रथम रनिङ बिल वापत रु.३०,९६,६९९।८३ र  अन्तिम बिल वापत रु.१६,२८,५००।६७ गरि जम्मा रु.४७,५०,०००।- भुक्तानी गरेको देखिन्छ। प्रथम रनिङ्ग बिलमा रु.६,८१,३७०।- र अन्तिम बिलमा रु.१०,००,४००।- गरी जम्मा रु.१६,८१,७७०।- को डोरहाजिरी, प्रथम तथा अन्तिम रनिङ्ग बिलमा एल.एस.ए.ए. मल्टिपर्पोज कम्पनी प्रा.लि., मध्यपुर ठिमी-०२, भक्तपुरको मिति उल्लेख नभएको बिजक नं. ५३ को मु.अ.क. समेत रु.३०,९६,६९९।८२ को र मिति २०७७।०३।१३ को बिजक नं.७७ को मु.अ. कर समेत रु.१६,५३,३०१।५७ को गरी जम्मा रु.४७,५०,००१।३९ बराबरको भ्याट बिल पेस गरेकोमा जम्मा रु.४७,५०,०००।- भुक्तानी गरेको देखिन्छ । यस योजनामा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (१३) र (१३क) मा भएको व्यवस्था अनुसार सम्बन्धित उपभोक्ता समिति तथा निर्माण व्यवसायीलाई कारबाही गरेको देखिँदैन। यसबाट समेत सो योजना ठेकेदार/निर्माण व्यवसायीलाई दिने योजना राखि उपभोक्ता समिति देखाउनको मात्र खडा गरी सम्झौता गरेको देखिन्छ भने सो योजनाको सम्झौतामा तोकिएको रु.५५,४१,३३५।४९ को निर्माण कार्यलाई रु.४६,००,०००।- मा निर्माण व्यवसायीलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (१०) मा रहेको व्यवस्था विपरीत लिखित सम्झौता गरी जिम्मा दिएको देखिएबाट उक्त योजनामा रु.७,९१,३३५।४९ बराबरको श्रमदान नगर्ने र सो पश्चात् समेत रु.१,५०,०००।- बचाइ बाँडफाँड गर्ने योजनामा राखि उपभोक्ता समितिले आँफूले गर्ने भनी जिम्मा लिएको योजना निर्माण व्यवसायी (ठेकेदार) सँग अर्को छुट्टै सम्झौता गरी निर्माण व्यवसायीलाई ठेक्कामा निर्माण कार्यको जिम्मा दिएको देखिन्छ। यसरी भएको कार्यमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (१३) र (१३क) मा भएको व्यवस्था अनुसार गाउँपालिकाले सम्बन्धित उपभोक्ता समिति र निर्माण व्यवसायीलाई कारबाही गरेको नदेखिएकोबाट गुराँस गाउँपालिकाका पदाधिकारीहरूसमेत उक्त योजनाको ठेक्का प्रक्रिया एवं निर्माण तथा भुक्तानी प्रक्रिया समेतमा एक आपसमा मिलेमतो तथा हिनामिना गर्ने कार्यमा संलग्न रहेको तथ्य स्थापित भएको छ।<br>• जिल्ला दैलेख, गुराँस गाउँपालिका-०६मा भिउचुला देखि पुलिया सडक निर्माण कार्यमा लागत अनुमान अनुसार काम नगरी नक्कली बिल भरपाई बनाइ रकम हिनामिना गरेको भन्ने समेत बेहोराको उजुरी उपर अनुसन्धानको क्रमा आयोगको कार्यालय, सुर्खेतबाट खटिएको सब-इन्जिनियर महेश बि.क. समेतको प्राविधिक टोलीले मिति २०८१।०७।०८ मा पेस गरेको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदनमा "आ.व. २०७६/०७७ मा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रतिवादीबाट असुल उपर हुने समेतको मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ। विशेष अदालत काठमाण्डौंले आरोपदाबीबाट सफाई दिएको देखिन्छ।<br>• भिउचुला बगौरा पुलिया सडक स्तरोन्नति कार्यका अनुगमन समिति संयोजक इन्द्रजित वि.सी., सदस्य हस्ता वि.सी., सदस्य विजय बहादुर वलीको हकमाः- निज प्रतिवादीहरूलाई गलत प्रतिवेदन पेश गरि भ्रष्टाचारजन्य कार्य गरेको कसूर अन्तर्गत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ। | | जिल्ला दैलेख, गुराँस गाउँपालिका-०६ स्थित भिउचुला-बगौरा-पुलिया सडक योजनाको नापी किताबमा कुल ७८०० मिटर लम्बाईमा ७९४४८.७५ घन मिटर परिमाणको नयाँ र ब्याक कटिङ्ग कार्यको मूल्याङ्कन गरेकोमा स्थलगत नापजाँच गर्दा कूल लम्बाई ८४५० मिटर सडकमा ६५२०३.०५ घनमिटर परिमाणको नयाँ र व्याक कटिङ्ग गरेको देखिएको" भन्ने समेत ब्यहोराको प्रतिवेदन देखिन्छ । गुराँस गाउँपालिकाको च.नं. १५५ मिति २०७७।०५।१७ को पत्रबाट आ.व. २०७६/०७७ मा सञ्चालित उक्त भिउचुला बगौरा पुलिया सडक स्तरोन्नति योजनाको लागत अनुमानमा कटान कार्यको दर रु. ४७।४२ (All types of Soil) भएकोमा मूल्याङ्कन कागजातमा रु.७१।७७ (Hard Soil) को दरमा भुक्तानी भएको देखिए तापनि सम्झौतामा उल्लिखित दरमा नै भुक्तानी हुनुपर्ने, मूल्याङ्कन गर्दा Chainage ०+०६० देखि ०+२०० सम्म, ०+५०० देखि ०+६५० सम्म लगातार र अन्य विभिन्न Chainage मा कडा चट्टानको परिमाण देखिएको, भौगोलिक अवस्था अनुसार सबै Chainage मा Hard Soil, Soft Rock, Medium Rock, Hard Rock सबै प्रकारको माटो देखिएकोले भुक्तानी गर्दा जे दर उल्लेख भए तापनि Hard Soil ७०%, Soft Rock १५%, Medium Rock १०% र Hard Rock ५% को आधारमा तयार भएको रु.१४७।४२ को दरमा भुक्तानी हुने गरी कारबाही गर्नु हुन अनुरोध गरी Rate Analysis समेत संलग्न गरेको देखिएतापनि प्रथम तथा अन्तिम रनिङ्ग बिलमा कटान कार्यको दर रु.७१।७७ समावेश देखिन्छ। उक्त गाउँपालिकाको प्राविधिक सव ईन्जिनियर नविन वि.सी.ले बयान गर्दा "कटान गर्दा Hard Soil मात्र भेटिएकोले रु.७१।७७ को दरमा मूल्याङ्कन गरिएको भन्ने समेत ब्यहोरा उल्लेख भएबाट सो कटान कार्यको दर रु.१४७।४२ नभइ रु.७१।७७ हुनुपर्ने देखिएको हुँदा सो योजनामा आयोगको कार्यालय, सुर्खेतका सव-इन्जिनियर महेश वि.क.ले पेस गरेको स्थलगत नापजाँच प्रतिवेदनमा उक्त योजनाको अन्तिम मूल्याङ्कनबाट **नभए नगरेको १४२४५।७० घ.मि. बराबरको कटान कार्य भए गरेको भनी उल्लेख भए बमोजिम रु.७१।७७ को दरले रु.१०,२२,४१३।८९ बराबरको रकम बढी मूल्याङ्कन गरे गराएको देखिन्छ।** सो योजनाको सम्झौता कागजातमा श्रमदान गर्ने भनी उल्लेख गरिए तापनि उपभोक्ता समितिले ठेकेदारसङ्ग सो योजनामा श्रमदान नगर्ने र रकम समेत बचाउने गरी सम्झौता गरेको देखिएबाट उक्त योजनामा प्रतिवादीहरुले आफूँहरुलाई गैरकानूनी लाभ र कर्णाली प्रदेश सांसद विकास कोषको रकममा गैरकानूनी हानिनोक्सानी पुऱ्याउने बदनियतले प्रारम्भ देखि नै कार्य गरेको तथ्य स्थापित भएको देखिंदा देखिंदै सो प्रमाणलाई ग्रहण नगरी प्रतिवादीहरुलाई सफाइ दिने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिंदा बदर भागी छ।<br>• अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतका शाखा अधिकृत आदित्य कुमार यादव समेतको टोलीले उक्त भिउचुला-पुलिया सडक निर्माण योजना मै खटिई गई उपभोक्ता समितिका कोषाध्यक्ष नन्दा रानासँग सोधपुछ गर्दा सो योजनामा आफू, अध्यक्ष गगन सिंह खत्री र सचिव गोविन्द बहादुर वलीले प्रति व्यक्ति रु.९२,०००।- लिएको समेतको ब्यहोरा उल्लेख गरेकोले गुराँस गाउँपालिका-०६ स्थित ध्वज बहादुर बुढाको पारस खाद्यान्न तथा खुद्रा पसलमा बसिरहेको अवस्थामा उपभोक्ता समितिका अध्यक्ष र सचिवलाई फेला पारी निजहरूको शरीर खानतलासी गर्दा गगन सिंह खत्रीबाट रु.१०००।- का ८६ थान नोट जम्मा रु.८६,०००।-, रु.५००।- का ३५ थान नोट जम्मा रु.१७,५००।- गरी कूल रु.१,०३,५००।-, कालो रङ्गको Model kkT३४" को lava mobile, Sn kkT३४R४१४१ २०३४२४९,IMEII-९११३८११०५०९०२०५,IME९११ १२-९११३८११०५०९०२१३ Ncell No ९८१२५९९१३२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | मोबाइल थान-१ र गोविन्द बहादुर वलीबाट रु.१०००।- का १०० थान नोट कुल रु.१,००,०००।-, कालो रङ्गको Model-JVGC१२०९ jivi mobile, IMEI- ९११३६१२००५२८३६६, MEid-A२००००८८०७२ABE, NTC No ९८६६६३१०४७, SKY No. ९७४८०३९५६९ मोबाइल थान-१ बरामद गरी प्रवेश/खानतलासी/वरामदी मुचुल्का तयार गरेको देखिन्छ। यसबाट उक्त योजनाको अध्यक्ष र सचिवबाट जम्मा रु.२,०३,५००।– रकम बरामद गरिएको र १/१ थान मोबाइल फोन सेट बरामद गरेको देखिंदा यि प्रतिवादीहरुले उक्त योजनाको रकम हिनामिना गरि आपसमा बाँडफाँड समेत गरि लिएको तथ्य स्थापित भएको देखिंदा देखिँदै सो प्रमाणलाई नजरअन्दाज गरि प्रतिवादीहरुलाई सफाइ दिने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिंदा बदर भागी छ।<br>• जिल्ला दैलेख, गुराँस गाउँपालिका-०६ स्थित **भिउचुला-बगौरा-पुलिया सडक स्तरोन्नति उपभोक्ता समिति अध्यक्ष गगन सिंह खत्री (क) र ठेकेदार हिक्मत वली (ख) बिच भएको संवादको सार्वजनिक भएको अडियो रेकर्डको स्क्रिप्ट राईटिङ्ग** बमोजिम उक्त संवादको संवाद नं. १३ मा उपभोक्ता समिति अध्यक्षले "९२/९२ हजार तिनैजनाले बाँड्नुपर्छ भनि कोषाध्यक्षले भनेको, भक्त बहादुर(कोषाध्यक्ष नन्दा रानाको श्रीमान)ले ९२ लगि गएको भन्ने समेत ब्यहोराको", संवाद नं. १४ मा ठेकेदारले "पहिले ९२ हजार पाउने भएको, चारवटा भाग बनाउनुपर्ने हुँदा भागमा कम पर्ने भएको भन्ने समेत ब्यहोराको", संवाद नं. १८ र १९ मा उपभोक्ता समिति अध्यक्ष र ठेकेदार दुवैले "नविन सङ्ग गर्नुपर्ने कुरा नविन सङ्ग गर्ने, नविनले रु. ४०,०००।— लगिसकेको भन्ने समेत ब्यहोराको", संवाद नं. २७ मा उपभोक्ता समिति अध्यक्षले "ठेकेदारले कोषाध्यक्षको अगाडी ९२ हजार ३ जनाले बाँड्नु भनेको, त्यसपछि भक्तबहादुर (कोषाध्यक्ष नन्दा रानाको श्रीमान)ले नमान्ने भएको भन्ने समेत ब्यहोराको", संवाद नं. ३० मा ठेकेदारले "ठेकेदार आफूले भक्तबहादुरलाइ १७ हजार रकम कटाउने कुरा गरेको र भक्तबहादुरले मानेको र अध्यक्षलाई भन्न भनेको भन्ने समेत ब्यहोराको", संवाद नं. ३७ मा "भक्त बहादुरको अगाडी ठेकेदारले पैसा नलिने भनेको भन्ने समेत ब्यहोराको", संवाद नं. ४५ मा "ठेकेदारले समितिलाइ ९५ हजार ढ्याडि पर्यो भनेको भन्ने समेत ब्यहोराको", संवाद नं. ४८ मा "अव विवाद बढ्ने, बाटोको पैसाबाट के कति रकम बच्यो र के कति रकम खायो थाहा भएको भन्ने समेत ब्यहोराको", संवाद नं. ४९मा "सडकको पैसा बचेर खाएको हो या समितिको खर्च भएको हो सबैलाइ थाहा भएको, कसैले पैसा खान नपाउने भए फिर्ता गरिदिने भन्ने समेत ब्यहोराको", संवाद नं. ५१ र ५२ मा "९२/९२ हजार बाँडिको भन्ने समेत ब्यहोराको" संवाद भएकोबाट उक्त योजनामा उपभोक्ता समितिको अध्यक्ष, कोषाध्यक्ष र सचिवले जनही रु. ९२,०००।– बाँडेको र सव-ईन्जिनियर नविन बि.सी ले रु.४०,०००।— लिए दिएको तथ्य उल्लेख भएको देखिंदा देखिँदै मिसिल संलग्न वारदातसँग सम्वद्ध उक्त प्रमाणलाई वेवास्ता गरि प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिंदा बदर भागी छ।<br>• गुराँस गाउँपालिका–०६ का वडा अध्यक्ष प्रतिवादी हिम बहादुर वलीले अनुसन्धानको क्रममा बयान गर्दा ठेकेदार हिक्मत वली आफ्नै सहोदर भाइ भएको र मिशिल संलग्न अडियोमा आफ्नो नाम उल्लेख भएको तथ्यलाई स्वीकार गर्दै उपभोक्ता समिति र ठेकेदारबीच सहमति भए अनुसार काम भएको हो भन्ने समेत वेहोरा उल्लेख गरेको देखिंदा उक्त निर्माण कार्य ठेकेदार भएको तथ्य पुष्टि भएको छ। सोही पालिकाका प्रमुख प्रशासकीय अधिकृत राम बहादुर बुढाले बयान गर्दा उपभोक्ता समितिले पेस गरेको बिल भरपाई, वडाको सिफारिस र प्राविधिकले पेश गरेको मूल्याङ्कनको आधारमा भुक्तानी गरेको हो, बढी मूल्याङ्कन भएको भए |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्राविधिक नै जिम्मेवार हुनुपर्ने हो भन्ने समेत ब्यहोरा उल्लेख गरे तापनि काम कुन क्रियावाट कसले गरेको छ अनुगमन मुल्यांकन गरि भुक्तानी गर्नु पर्ने दायित्व भएका यि जिम्मेवार अधिकारीले केवल प्राविधिकलाई दायित्व पन्छाएर उन्मुक्ति लिन खोजेको तथ्य प्रष्टै देखिन्छ। सोही पालिकाका तत्कालीन लेखा अधिकृत दिनेश दाहाल र लेखापाल राज कसेराले बयान गर्दा उक्त योजनाको प्राविधिक मूल्याङ्कन, अनुगमन प्रतिवेदन, कार्य सम्पन्न प्रतिवेदन, वडाको सिफारिसको आधारमा भुक्तानी गरेको, हो भन्ने समेत बेहोरा उल्लेख गरेतापनि लेखाउत्तरदायी ब्यक्तिले संझौतामा ठेकेदारको नाम उल्लेख हुदाँ हुदै, ठेकेदारवाट काम भएको देखिंदा देखिदै उपभोक्ता समितिले काम गरेको भनि भुक्तानी गर्नु स्वयंमा बदनियतपुर्ण देखिन्छ। सोही पालिकाका सव–इन्जिनियर नविन बि.सी.ले बयान गर्दा कार्य गर्दा Hard Soil मात्र भेटिएकाले रु. ७१।७७ दरले भुक्तानीको लागी लेखिएको, उक्त निर्माण कार्यमा चट्टान नभेटिएको, कडा माटो मात्र रहेको र आयोगको स्थलगत निरीक्षण गर्दा पहिरोका कारण परिमाण कम देखिएको हुन सक्ने तथ्य उल्लेख गर्दै लागत अनुमानदेखि कार्य सम्पन्न प्रतिवेदनसम्मको काम आफूले गरेको तथ्यलाई स्विकार गरेको देखिंदा निर्माण स्थलमा ठेकेदार मार्फत काम भएको देखिंदा देखिदै ऊपभोक्ता समितिवाट भएको भनि भुक्तानी लेख्ने निज प्राविधिक कर्मचारीको बदनियत स्पष्टै देखिन्छ। सोही पालिकाका अधिकृत छैटौं मदन प्रकाश मल्लले बयान गर्दा आफू योजना शाखा प्रमुखको रूपमा असार महिनाको चापमा कार्यालय समय पछिको अनुगमन गरेको, प्राविधिक मूल्याङ्कन तथा वडा कार्यालयको सिफारिसको आधारमा भुक्तानीको लागि सिफारिस गरेको, नापजाँच परिमाणबारे जानकारी नभएको, बिल भरपाईहरू सक्कली/नक्कली भएको सम्बन्धमा जानकारी नभएको भन्ने समेत ब्यहोरा गैर जिम्मेवार र बदनियतपुर्ण देखिन्छ। यसै गरि भिउचुला बगौरा पुलिया सडक स्तरोन्नति उपभोक्ता समितिका अध्यक्ष गगन सिंह खत्री, सचिव गोविन्द बहादुर वली र कोषाध्यक्ष नन्दा रानाले बयान गर्दा उपभोक्ता समितिले २०७६/१२/०५ मा योजना ठेकेदार हिक्मत वलीलाई दिने निर्णय गरेको, सोवापत समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षले जनही रु. ९२,००० लिएको, केही बिल आफूले पेश नगरेको, जनश्रमदानको डोर हाजिरमा नाम भएका व्यक्तिहरूले वास्तविक काम नगरेको र खर्चका केही विवरण मात्र थाहा भएको बताएका छन्। उनले नियन्त्रणमा लिंदा बरामद भएको रु. १,०३,५०० मध्ये रु. ९२,००० ठेकेदारबाट लिएको र बाँकी आफ्नो भएको तथ्यलाई स्वीकार गरेको देखिंदा निज प्रतिवादीहरुको बदनियत समेत प्रष्टै देखिन्छ। उक्त सडक स्तरोन्नति कार्यको अनुगमन समितिको संयोजक इन्द्रजित बि.सी..ले बयान गर्दा प्राविधिक नापजाँच पछि भुक्तानीको लागि सिफारिस गरेको तथ्य उल्लेख गरेको देखिन्छ भने अनुगमन समितिका सदस्य हस्ता बि.सी.. र सदस्य विजय बहादुर वलीले समेत सोही तथ्यलाई स्वीकार गरेको देखिंदा निजहरुको संलगनता समेत स्थापित भएको छ। उक्त सडक स्तरोन्नतिको जिम्मा लिएका ठेकदार हिक्मत वलीले बयान गर्दा आफूले उपभोक्ता समितिसँग ६ कि.मि.मा ३६८०० घ.मि. भन्दा धेरै बाटो खन्ने कार्य गरेबापत रु.४६ लाख पाउने गरी सम्झौता गरेको, आफूले ७ कि.मि.मा ७०,००० घ.मि. भन्दा बढीको कार्य गरेको, सो कार्य मिति २०७६/१२/०५ मा सम्झौता गरी मिति २०७७/०२/३० मा सम्पन्न गरेको, समितिलाई काम हेरे अनुसार ढ्यारी दिउँला भन्ने मौखिक सहमति अनुसार रकम दिएको तथ्य उल्लेख गरेको देखिंदा निज प्रतिवादीले उपभोक्ता समिति एवं पालिकाका कर्मचारी प्रतिवादीहरु संलग्न मिलेमतो गरि श्रमदान नगर्ने, ठेकेदारवाट काम गराई रकम समेत बचाउने र उक्त रकम बाँडफाँड गरि फाइदा लिने कार्यमा संलग्न रहेको तथ्य स्पष्ट देखिंदा देखिंदै उक्त प्रतिवादीहरुको वयान जिकिर समेतलाई वेवास्ता गरि प्रतिवादीहरुलाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सफाई दिने गरि भएको फैसला त्रुटीपुर्ण देखिंदा बदर भागी छ।<br>• स्थलगत मुचुल्काका मानिसहरु गोपाल बुढा, भुपेन्द्र वली, डम्मर वली, उदयराज जैशी र किरणजित खत्रीले बकपत्र गर्दा मिति २०८१।०६।१० को मुचुल्कामा आफ्नो सहीछाप भएको तथ्यलाई स्वीकार गर्दै सनाखत गरेको देखिन्छ भने प्रतिवेदक महेश वि.क.ले मिति २०८१।६।१० को मुचुल्का सम्बन्धी बेहोरा र सहीछाप आफ्नो नै भएको तथ्यलाई स्वीकार गर्दै प्रतिवेदन बेहोरा पुष्टि हुने गरि बकपत्र गरिदिएको देखिंदा उक्त बकपत्रलाई प्रमाण ऐन २०३१को दफा १८ बमोजिम प्रमाणमा ग्रहण गरी फैसला गर्नु पर्ने बकपत्र द्वारा पुष्टि भएको तथ्यलाई नजरअन्दाज गरि भएको फैसला त्रुटीपुर्ण देखिंदा बदर भागी छ।<br>• माथि विश्लेषण गरिए बमोजिम भिउचुला बगौरा पुलिया सडक स्तरोन्नति योजनामा आरोप पत्रको प्रतिवादी खण्डमा उल्लेखित प्रतिवादीहरुको भ्रष्टाचारजन्य कसूरमा संलग्न रहेको पुष्टि हुने बदनियत तत्वलाई निम्न अनुसार उल्लेख गरिएको छ।<br>**<u>तपसिलः</u>**<br>• उपभोक्ता समितिले गुराँस गाउँपालिकाबाट रु.४७,५०,०००।- भुक्तानी तथा बाँकी श्रमदान हुने गरी जम्मा रु.५५,४१,३३५।४९ मा जिम्मा लिएको कामबाट श्रमदान नगर्ने र आफूहरू समेतलाई लाभ प्राप्त गर्ने उद्देश्य राखी निर्माण व्यवसायीसङ्ग रु.४६,००,०००।– बराबरको लिखित सम्झौता गरे गराएको।<br>• उक्त सम्झौता भएको बिल भरपाइसमेतको फायल कागजातमा संलग्न भएको हुँदाहुँदै गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत समेतका कर्मचारी तथा गाउँपालिकाका पदाधिकारीले सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम कारबाही नगरे नगराएकोबाट निजहरूको प्रस्तुत मुद्दाको वारदातमा मिलेमतो तथा संलग्नता रहेको देखिएको छ।<br>• योजनामा नभए नगरेको कार्य भए गरेको भनी मूल्याङ्कन गरी गराई रु.१०,२२,४१३।८९ बढी भुक्तानी लिने/दिने कार्य गरे गराएको देखिएको छ।<br>• उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षले प्रति व्यक्ति रु.९२,०००।- को दरले कूल रु.२,७६,०००।— श्रम गरे बापत नभई योजनाको रकम बदनियत राखी प्राप्त गरेको निजहरूले स्वीकार गरेको देखिन्छ।<br>• उपभोक्ता समिति अध्यक्ष, सचिव र कोषाध्यक्षले खाजा खाना खर्च बापत रु.१,७३,२७९।— खर्च गरेको मिसिल संलग्न कागजबाट देखिन्छ।<br>• साबिकको योजनामा भरत डाँगी नामको व्यक्तिलाई रु.२,१८,०००।– समेत योजनाको रकमबाट बदनियत राखी दिएको भनी स्वीकार गरेको देखिन्छ।<br>• सो योजनाको कागजातमा पेस गरिएका रु.१६,८१,७७०।- बराबरको नक्कली डोर हाजिरी कागजात तयार गरे गराएको देखिन्छ।<br>• उक्त योजनामा प्रथम तथा अन्तिम रनिङ्ग बिलमा एल.एस.ए.ए. मल्टिपर्पोज कम्पनी प्रा.लि., मध्यपुर ठिमी-०२, भक्तपुरको मिति उल्लेख नभएको बिजक नं. ५३ को मु.अ. कर समेत रु.३०,९६,६९९।८२ को र मिति २०७७/०३/१३ को बिजक नं.७७ को मु.अ. कर समेत रु.१६,५३,३०१।५७ को गरी जम्मा रु.४७,५०,००१।३९ बराबरको भ्याट बिल पेस गरेकोमा उपभोक्ता समितिका पदाधिकारीले उल्लिखित बिलहरू आँफूहरुले पेस नगरेको, प्रयोग भएको मेसिन सो कम्पनीको नभइ गाउँपालिकाका अध्यक्षको रहेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भन्ने समेतका तथ्य निजहरूलाई सोधपुछ तथा बयान लिने क्रममा उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यहरुको कागज तथा बयान व्यहोरामा उल्लेख गरेको देखिएबाट सो बिलहरू समेत झुट्टा तथा नक्कली बिल भर्पाई रहेको पुष्टी भएको छ।<br>• उक्त सडक स्तरोन्नति योजनामा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत प्रतिवादी रामबहादुर बुढाले लागत अनुमान स्वीकृत गर्ने, सम्झौता गर्ने र कार्यसम्पन्न तथा मूल्याङ्कन प्रतिवेदनमा हस्ताक्षर गर्ने र भुक्तानी गर्ने कार्यमा संलग्न रहेको देखिन्छ। सोही पालिकाकका इन्जिनियरद्वय सरोज दाहाल र नविनकुमार बि.सी.ले लागत अनुमान, नापी किताब तथा  कार्यसम्पन्न मूल्याङ्कन प्रतिवेदन तयार गरी भुक्तानीको लागी पेश गर्ने कार्यमा संलग्न रहेको देखिन्छ। यसै गरि सोही पालिकाका तत्कालिन लेखा अधिकृत दिनेश दाहाल, लेखापाल राज केसर र योजना शाखा प्रमुख अधिकृत मदन प्रकाश मल्लले ठेकेदारले गरेको काम उपभोक्ता समितिले गरेको भनि झुट्टा बेहोरा उल्लेख गरि भुक्तानीको लागी पेश गर्ने कार्यमा संलग्न रहेको देखिन्छ।  सोही पालिकाको वडा नं ६ का वडा अध्यक्ष हिमबहादुर वलीले ठेकेदार हिक्मत वलीसँग मिलेमतो गरि ठेकेदारलाई सहजीकरण गर्ने, झुट्टा डोरहाजिरी प्रमाणित गर्ने र अन्यत्र रकम वितरण गर्ने गराउने कार्यमा संलग्नता रहेको देखिन्छ। उपभोक्ता समितिका पदाधिकारीहरू अध्यक्ष गगनसिंह खत्री, सचिव गोविन्दबहादुर वली, कोषाध्यक्ष नन्दा राना ले ठेकेदारमार्फत काम गराई त्यसलाई उपभोक्ता समितिबाट भएको देखाई झुट्टा कागजात तयार गरि गराई भुक्तानी लिई ठेकेदार समेतलाई रकम बाँडफाँड गरेको देखिन्छ। अनुगमन समितिको संयोजक इन्द्रजित बि.सी., सदस्यहरू हस्ता वि.सी., विजय बहादुर वली समेतले झुट्टा तथा नक्कली खडा भएको उपभोक्ता समितिबाट नभए नगरेको कार्यको भए गरेको भनी अनुगमन समितिबाट सिफारिस गरेकोमा सोही गलत सिफारिस/प्रतिवेदन समेतको आधारमा भुक्तानी लिने दिने कार्य गरेको संलग्न रहेको देखिन्छ। यसरी यि प्रतिवादीहरुले तहगत रुपमा विभिन्न निर्णय प्रक्रियामा संलग्न भई उक्त भ्रष्टाचारजन्य कसूरमा संलग्न रहेको देखिंदा देखिदै उक्त प्रमाणको विश्लेषण नगरि, प्रतिवादीहरुको कार्यतत्वबाट नै बदनियततत्व पहिचान गरि  आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई दिने ठहर गरी भएको फैसला **सर्वोच्च अदालत बुलेटिन, बर्ष १८ अंक १५ मंसिर २०६६, पुर्णाङ्क ४१७ पृष्ठ १९ सार्जन पाण्डे विरुद्ध नेपाल सरकार** भएको मुद्दामा प्रतिपादित नजिर सिद्धान्त समेतको विपरित देखिंदा उक्त फैसला बदर भागी छ।<br>• अतः माथी उल्लिखित तथ्य, प्रमाण एवं सो सँग सम्वन्धित आधार कारणहरु तथा सर्वोच्च अदालतवाट प्रतिपादित नजिर सिद्धान्त समेतको आधारमा प्रतिवादी राम बहादुर बुढा, सरोज दाहाल, नविन कुमार वि.सी., दिनेश दाहाल, राज कसेरा, मदन प्रकाश मल्ल, हिम बहादुर वली गगन सिंह खत्री, गोविन्द बहादुर वली, नन्दा राना, हिक्मत वली, इन्द्रजित वि.सी., हस्ता वि.सी. र विजय बहादुर वलीलाई आरोप दावीबमोजिम सजाय पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गरिन्छ। |